"पाँचखाल नगर-कृषि सहर"

# पाँचखाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या : २०८२।०८३
चलानी नं. :

पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

मिति : २०८२/११/२९
ने.सं. ११४६ सिल्लागा, १० शुक्रबार

## खुद्रा बिषादी बिक्रेताहरुका लागि अत्यावश्यक सूचना!

पाँचखाल नगरपालिका क्षेत्रभित्र जीवनाशक बिषादीको खुद्रा बिक्री वितरण गर्ने सम्पूर्ण ब्रिक्रेताहरूको जानकारीका लागि **जीवनाशक बिषादी व्यवस्थापन ऐन, २०७६** मा उल्लिखित व्यवस्थाहरू सम्बन्धमा यो सचेतनात्मक सूचना प्रकाशित गरिएको छ।

बिषादी बिक्री वितरण गर्दा पालना गर्नुपर्ने व्यवस्थाहरू:

(क) सूचना प्रदर्शन सम्बन्धी:

१. बिषादी बिक्री गर्ने पसलमा "यहाँ बिषादी बिक्री गरिन्छ" भन्ने सूचना सबैले देख्ने ठाउँमा अनिवार्य रूपमा राख्नुपर्नेछ।

२. बिक्री हुने बिषादीहरूको विषाक्तता अनुसारको वर्गीकरण (अति विषाक्त - रातो, विषाक्त - पहेंलो, सामान्य बिषाक्त - निलो, कम विषाक्त - हरियो) सम्बन्धी सूचना/चार्ट टाँस्नुपर्नेछ।

३. बिषादीको सुरक्षित प्रयोग विधि, प्रतीक्षा अवधि (Waiting Period), प्राथमिक उपचार सम्बन्धी जानकारी तथा नेपाल सरकारद्वारा प्रतिबन्धित गरिएका बिषादीको सूची पसलमा अनिवार्य प्रदर्शन गर्नुपर्नेछ।

(ख) बिक्री गर्दा पालना गर्नुपर्ने कुराहरू:

१. नेपाल सरकारद्वारा पञ्जिकरण गरिएका जीवनाशक बिषादीको मात्र बिक्री वितरण गर्नुपर्नेछ।

२. बिषादी बिक्री गर्दा खरिदकर्तालाई निम्न कुराहरू अनिवार्य रूपमा जानकारी गराउनुपर्नेछः

- बिषादीको सही प्रयोग विधि र मात्रा (Dosage)
- मिसाउने तरिका र छर्कने समय
- सुरक्षा सामग्री (मास्क, पन्जा, चश्मा, लुगा आदि) को प्रयोग
- प्रतीक्षा अवधि (Waiting Period) — बाली कटानी/फल टिप्नुअघि कुर्नुपर्ने दिन
- बिषादीको खाली बोतल/प्याकेटको सुरक्षित व्यवस्थापन विधि

३. नेपाल सरकारद्वारा प्रतिबन्धित (Banned) तथा पञ्जिकरण नगरिएका बिषादी बिक्री गर्न पाइने छैन।

४. म्याद सकिएको (Expired) बिषादी बिक्री गर्न पाइने छैन।

५. १८ वर्ष मुनिका व्यक्ति तथा मानसिक रुपमा विशेष अवस्थमा रहनु भएका व्यक्तिलाई बिषादी बिक्री गर्न पाइने छैन।

(ग) भण्डारण सम्बन्धी:

१. बिषादी भण्डार गर्दा खाद्य सामग्री, पशुदाना र दैनिक उपभोग्य वस्तुभन्दा पूर्ण रूपमा अलग राख्नुपर्नेछ।

२. भण्डारण स्थान बच्चाहरू र पशुपक्षीको पहुँचबाट टाढा, सुख्खा र हावा नचल्ने ठाउँमा हुनुपर्नेछ।

३. बिषादीलाई मौलिक/सक्कली बोतल वा प्याकेटमा नै राख्नुपर्नेछ अन्य भाँडामा सार्न पाइने छैन।

(घ) अभिलेख सम्बन्धी:

१. बिक्री गरिएका बिषादीको अभिलेख (बिषादीको नाम, मात्रा, खरिदकर्ताको नाम—ठेगाना, मिति) अनिवार्य रूपमा राख्नुपर्नेछ।

२. खरिद गरिएका बिषादीको बील/इनभ्वाइस सुरक्षित राख्नुपर्नेछ।

"पाँचखाल नगर-कृषि सहर"

# पाँचखाल नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या :

चलानी नं. :

पाँचखाल, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

(ङ) इजाजतपत्र सम्बन्धी:

१. बिषादी खुद्रा बिक्री गर्नका लागि अनिवार्य रूपमा इजाजतपत्र लिएको हुनुपर्नेछ।

२. इजाजतपत्र प्रत्येक वर्ष समयमै नवीकरण गर्नुपर्नेछ र पसलमा सबैले देख्ने गरी राख्नुपर्नेछ।

*नोट: उपरोक्त व्यवस्थाहरू पालना नगर्ने खुद्रा बिषादी बिक्रेताहरूलाई जीवनाशक बिषादी व्यवस्थापन ऐन, २०७६ तथा जीवनाशक बिषादी व्यवस्थापन नियमावली, २०८१ बमोजिम इजाजतपत्र खारेजी, जरिवाना तथा कानुनी कारबाही हुने व्यहोरा सम्बन्धित सबैको गम्भीर जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना पाँचखाल नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण खुद्रा बिषादी बिक्रेताहरूले आफ्नो पसलमा सबैले देख्ने गरी टाँस्नुपर्नेछ।*

..............................

(पुरुषोत्तम सापकोटा)

प्रमुख प्रशासकीय अधिकृत

पुरुषोत्तम सापकोटा

प्रमुख प्रशासकीय अधिकृत